लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)

फोन नं.०८८-४१३१७१
ईमेल: ialdo.rukumeast@gmail.com
Website:iakdorukumeast.p5.gov.np

पत्र संख्या: २०८१।०८२
चलानी नं.: १५९

मितिः २०८१/०६/१३

विषयः सूचना टाँस गरि जानकारी पठाईदिने सम्वन्धमा।

श्री सिस्ने गाउँपालिका, रुकुमकोट रुकुम (पूर्वी भाग)।
श्री भूमे गाउँपालिका, खावाङ्गबगर रुकुम (पूर्वी भाग)।
श्री पुथाउत्तरगङ्गा गाउँपालिका, तकसेरा रुकुम (पूर्वी भाग)।

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व.२०८१।८२ को बार्षिक स्वीकृत कार्यक्रम संचालनका लागि प्रकाशित प्रस्ताव आहानको सूचना पाना ६ (छ) को थान १ (एक) यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। तहाँ कार्यालयको वेबसाइट र सूचना पाटीमा टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाइदिनु हुन अनुरोध छ।

.....................
डिल्लीराज पौडेल
कार्यालय प्रमुख

पुथा उत्तरगङ्गा गाउँपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्व)
दर्ता नं.: ८९४
दर्ता मितिः २०८१।६।१३

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय**
रुकुमकोट, रुकुम (पूर्वी भाग)

फोन नं.०८८-४१३१७१
ईमेल: ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np

पत्र संख्या: २०८१।०८२
चलानी नं.:

मिति: २०८१/०६/१३

## कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति:२०८१।०६।१३**

एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुम (पूर्वी भाग)को चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०८१/०७/१२ गते सम्म) यस कार्यालय तथा सम्बन्धित पालिकाको कृषि विकास शाखामा तपसिलमा उल्लेखित कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ। कार्यक्रमहरु संचालन गर्न इच्छुक कृषक/कृषि फर्म/कृषक समुह/कृषि उद्यमी/सहकारी/कम्पनी र जल उपभोक्ता समितिहरुले आवश्यक कार्यक्रमको प्रस्ताव सहित पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न राख्नु पर्ने कागजातहरु, **कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१** र यस कार्यालयको सूचनापाटी/वेबसाईट www.ialdorukumeast.p5.gov.np बाट प्राप्त गर्न सकिनेछ।साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ।

तपसिल:

कृषि तर्फ

| सूचना नं. | कार्यक्रमको नाम | संचालन गर्न सकिने/अनुदान उपलब्ध गराउने क्रियाकलाप | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| ०८१/८२-०२ | बर्षे/हिउँदे फलफूल बिरुवा वितरण | १. कार्यालयले विभिन्न जातका उन्नत विरुवा वितरण गर्ने।<br>२. रेखाङ्कन तथा बगैंचा व्यवस्थापनको लागि कार्यालबाट प्राविधिक सहयोग। | १. फलफूलको क्षेत्र विस्तार वा नयाँ बगैंचा स्थापना गर्न ईच्छुक कृषक/कृषक समुह/सहकारी/उद्यमी हुनुपर्ने।<br>२.स्याउ, ओखर, सुन्तला र कागती विरुवा वितरण हुने।<br>३. कम्तिमा २५ बोटको १ बगैंचा स्थापना हुनुपर्ने। | जिल्ला भरी | शत प्रतिशत अनुदानमा कार्यालयबाट विरुवा वितरण हुने। |
| ०८१/८२-०३ | सिंचाई सहित कृषि विकास कार्यक्रम | १. सोलार सिंचाई, थोपा सिंचाई, लिफ्ट सिंचाई, मोटर, पाईप, ड्रिप तथा स्प्रिङ्कलर लगायतका सिंचाई लागि सामग्री खरिद<br>२. सिंचाई कुलो/पोखरी, लिफ्ट सिंचाई निर्माण तथा सुधार। | १.कृषक/फर्म/कम्पनी/कृषक समुह/सहकारी/जल उपभोक्ता समति सहभागि हुन सक्ने।<br>२. निजीको हकमा न्यूनतम ५ रोपनी र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार हुनुपर्ने।<br>३. यस अघि अनुदान नपाएका र विपन्न तथा सिमान्तकृत बर्गलाई प्राथमिकता दिने। | जिल्ला भरी | १. सिंचाई कुलो/पोखरी, सोलार सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाई निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य मोटर, पाईपको हकमा अधिकतम ५० प्रतिशत अनुदान।<br>२. समुह/सहकारीको हकमा अधिकतम ५ लाख र व्यक्तिगत वा फर्म/कम्पनीको हकमा अधिकतम रु. २ लाख अनुदान उपलब्ध हुनेछ। |

**डिल्लीराज पौडेल**
**कार्यालय प्रमुख**

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय**
रुकुमकोट, रुकुम (पूर्वी भाग)

फोन नं.०८८-४१३१७१
ईमेल: ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np


पत्र संख्या: २०८१।०८२
चलानी नं.:

मिति: २०८१/०६/१३

<table>
<tr><th>सूचना नं.</th><th>कार्यक्रमको नाम</th><th>संचालन गर्न सकिने/अनुदान उपलब्ध गराउने क्रियाकलाप</th><th>न्यूनतम मापदण्ड</th><th>कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान</th><th>अनुदानको सिमा</th></tr>
<tr><td>०८१/८२-०४</td><td>बाली वस्तु विषेश सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम</td><td>१. बीउ/बिरुवा तथा अन्य उत्पादन सामाग्री सहयोग।<br>२. क्षमता अभिवृद्धि ।<br>३. प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सेवा ।<br>४. प्रशोधन तथा बजारिकरण सहजिकरण।<br>५. फलफूल बालीको हकमा खाडल तयारी।</td><td>१. कृषक/फर्म/कम्पनी/कृषक समुह/सहकारी सहभागी हुन सक्ने।<br>२. देहाय बमोजिमको मापदण्ड अनुसार Cluster Approach मा क्षेत्रफल विस्तार गर्नु पर्ने छ।<table><tr><th>क. सं</th><th>बाली</th><th>क्षेत्रफल (हे.) क्लस्टर संख्या</th><th>बजेट लाख</th></tr><tr><td>१</td><td>बर्षे आलु</td><td>२०हे.(बढीमा १० क्लस्टर)</td><td>२५</td></tr><tr><td>२</td><td>हाइडेन्सिटी स्याउ</td><td>१ हे.(बढीमा २ क्लस्टर)</td><td>४५</td></tr></table>नोट: तोकिएको क्षेत्रफलको कम्तिमा ८० प्रतिशत पुग्ने गरि कार्यक्रम सञ्चालन गर्नु पर्ने छ। आलुबालीको नयाँ क्षेत्र विकासमा प्राथमिकता दिइने।</td><td>जिल्ला भरी स्याउ उत्पादन हुने क्षेत्र</td><td>१. कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी कार्यक्रम संचालन गर्ने।<br>२.बीउ/बिरुवा खरिदमा शत प्रतिशत स्याउ स्टेकिङमा ५० प्रतिशत फलफूल बालीको हकमा प्रति खाडल (३•३•३ घन फूट) लागि रु. १०० का दरले खर्च गर्न सकिने बाकी रकम आवश्यकताको आधारमा प्रतिहेक्टर रु. पाँच हजार अन्य उत्पादन सामाग्रीमा खर्च गर्न सकिने छ।<br>२. क्षमता विकास/बजारीकरण समन्वयमा प्रति बाली १ लाख खर्च गर्न सकिने छ।</td></tr>
<tr><td>०८१/८२-०५</td><td>रैथाने बालीको प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम</td><td>१. बीउ, प्राङ्गारिक मल, शुक्ष्मतत्व<br>२. प्रशोधन गर्ने औजार/उपकरण<br>३. ग्रेडिङ, लेवलिङ्ग प्याकेजिङ्ग तथा बजारिकरणमा सहयोग।</td><td>१. कृषक/फर्म/कम्पनी/कृषक समुह/सहकारीबाट एकल वा समामुहिक रुपमा बजारयोग्य परिमाणमा उत्पादन भएको हुनुपर्ने।</td><td>जिल्ला भरी</td><td>कार्यालयले लागत अनुमान स्वीकृत गरी वस्तुगत सहयोग उपलब्ध गराउने।</td></tr>
<tr><td>०८१/८२-०६</td><td>विपदबाट क्षति पुगेका कृषक/उधमी/फर्म/समुह/सहकारीलाई पुनर्स्थापनाका लागि वस्तुगत सहयोग कार्यक्रम</td><td>१. जिल्ला विपद व्यवस्थापन समिति वा सम्बन्धित स्थानीय तहको विपद् व्यवस्थापन समिति मार्फत निर्णय गर्ने।<br>२. क्षति भएको व्यवसायसंग सम्बन्धित सामग्रीहरुमा नगद नभई वस्तुगत सहयोग उपलब्ध गराउने।</td><td>१. विपद अन्तर्गत प्राकृतिक प्रकोप, आगलागी बाढी पहिरो, अतिवृष्टि, हावाहुरी, असिनापानी, चट्याङ महामारीजन्य रोगकिराबाट कृषि व्यवसायमा भएको क्षतिलाई समेटिने।<br>२. चालु आ.व.को अघिल्लो एक आर्थिक वर्षको विपद समेतलाई समेटिन सकिने।<br>३. मुचुल्का, क्षति मुल्याङ्कन प्रतिवेदन (मुचुल्का तयार भएको दिनदेखी बढीमा पन्ध्र दिनभित्रको प्रतिवेदन) फोटो, भिडियो सम्बन्धित स्थानीय तहको सिफारिस पत्र लगायतका आवश्यक कागजातहरु (नयाँ विपदको हकमा)<br>४. पुरानो विपद (चालु आ.व.को अघिल्लो एक आ.व.) हकमा उल्लेखित कागजातहरु मध्ये क्षति मुल्याङ्कन प्रतिवेदन अनिवार्य नरहेको।</td><td>जिल्ला भरी</td><td>विनियोजित बजेटको परिधिभित्र रही, कार्यालयले प्रति परिवार अधिकतम ५० हजार बराबरको सामग्री खरिद गरी कार्यक्रम संञ्चालन गर्ने।</td></tr>
</table>

दिल्लीराज पौंडेल
कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय**
**रुकुमकोट, रुकुम (पूर्वी भाग)**

फोन नं.०८८-४१३१७१
ईमेल: ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np

पत्र संख्या: २०८१।०८२
चलानी नं.:

मिति: २०८१/०६/१३

| सूचना नं. | कार्यक्रमको नाम | संचालन गर्न सकिने/अनुदान उपलब्ध गराउने क्रियाकलाप | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| ०८१/८२-०७ | लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रम | १. बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>२. साना पूर्वाधार (टनेल, नर्सरी, गुमोज आदी)<br>३. तालिम तथा सचेतना | १. लक्षित वर्ग विशेष आर्थिक रुपले विपन्न भूमिहिन, बादी, विपन्न दलित, आदी सिमान्तकृत वर्गलाई प्राथमिकता दिइने।<br>२. लक्षित समुदायमा कम्तिमा २० जना घरधुरी समावेस गरी कार्यक्रम सञ्चालन हुनुपर्ने।<br>३.सहुलियत नपाएकालाई प्राथमिकता दिइने। | जिल्ला भरी | प्रति परिवार अधिकतम रु. २० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ। |
| ०८१/८२-०८ | करार खेती कार्यक्रम | १. करारमा खेती गर्ने कृषक/फार्म/समुह/सहकारीलाई जग्गाको भाडामा सहयोग गर्ने। | १.करारनामा स्थानीय तहको रोहवरमा गर्नुपर्ने।<br>२.एकाघरको परिवार बाहेकमा करारमा हुनुपर्ने।<br>३.भूमिहिनलाई वा ५ कठ्ठाभन्दा कम जग्गा भएका कृषकलाई प्राथमिकता दिइने।<br>४. बाँझो जग्गा वा संस्थागत जग्गा भाडामा लिनेलाई प्राथमिकता दिइने।<br>५. करारमा कम्तिमा ५ वर्ष खेती गर्ने प्रतिवद्धता हुनुपर्ने। | जिल्ला भरी | १. प्रति हे. अधिकतम ३० हजारका दरले जग्गा भाडा बापत अनुदान दिन सकिने।<br>२. प्रति अनुदानग्राही अधिकतम ३ हे. सम्म कार्यक्रम संचालन गर्न सकिने। |
| ०८१/८२-०९ | फलफूल बगैंचा सुदृढीकरण कार्यक्रम | १. बगैंचा सुदृढीकरणका लागि आवश्यक औजार उपकरण खरिद।<br>२. सिंचाई सामग्री तथा उपकरण<br>३. रोगकिरा व्यवस्थापनको लागि विभिन्न ल्यूर र मोहिनी पासो वानस्पति/जैविक विषादी एप्रोन, मास्क आदी<br>४. कार्यालयले फलफूल बगैंचा काँटछाँट रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका गतिविधि सञ्चालन गर्ने।<br>५. स्थलगत प्राविधिक तालिम तथा अभिमूखिकरण | १.कम्तीमा फलफूल ५ हे. मा सञ्चालन हुनुपर्ने।<br>२. फलफूल बगैंचाको उत्पाकत्व वृद्धी गर्न काँटछाँट रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगाका गतिविधि सञ्चालन गर्ने। | जिल्ला भरी | १. प्रति कार्यक्रम अधिकतम ५० हजार खर्च गर्न सकिने।<br>२. स्थलगत प्राविधिक तालिम तथा अभिमूखिकरणमा प्रति कार्यक्रम अधिकतम रु. ५ हजार खर्च गर्न सकिने। |
| ०८१/८२-१० | व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम | १. उत्पादन सामग्रीहरु, सिंचाईका लागि आवश्यक सामग्रीहरु, यन्त्र/उपकरणहरु, प्राथमिक प्रशोधन, बजारीकरण सामग्रीहरु, पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरु। | १. कृषक/ फर्म/कम्पनी/कृषक समुह/सहकारी सहभागी हुन सक्ने।<br>२. सामुहिक रुपमा कम्तीमा १ हे. वा एकलरुपमा कम्तीमा २.५ रोपनी मा खेती गर्नुपर्ने। | जिल्ला भरी | १. बीउ/विजन/बेर्ना र यन्त्र उपकरण/अन्य सामग्रीको हकमा अधिकतम ५० प्रतिशत,<br>२. निजी पूर्वाधारको हकमा ५० प्रतिशत र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत<br>३. प्रति हेक्टर अधिकतम रु.१ लाख अनुदान । |

**ढिल्लीराज पौडेल**
**कार्यालय प्रमुख**

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)

फोन नं.०८८-४१३१७१
ईमेल: ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np

पत्र संख्याः २०८१।०८२
चलानी नं.:

मितिः २०८१/०६/१३

| सूचना नं. | कार्यक्रमको नाम | संचालन गर्न सकिने/अनुदान उपलब्ध गराउने क्रियाकलाप | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| ०८१/८२-११ | प्राङ्गारिक कृषि उपज उत्पादन, प्रमाणीकरण, लेवलिङ्ग, प्याकेजिङ्ग र बजारीकरण प्रवर्द्धन कार्यक्रम | १. प्राङ्गारिक उत्पादन, प्याकेजिङ्ग, लेवलिङ्ग बजारीकरण, प्रमाणिकरणसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्ने।<br>२. प्राङ्गारिक प्रमाणिकरण प्रक्रियाबारे अभिमुखीकरण<br>३. प्रमाणीकरण एजेन्सीको फिल्ड भिजिट<br>४. आन्तरिक नियमन प्रणाली (ICS) सहजिकरण तथा अभिलेखीकरण<br>५.क्षमता अभिवृद्धी, सचेतना, प्रचार प्रसार<br>६. भकारो सुधार, कम्पोष्ट मल, प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन | १. कम्तिमा २० घरधुरी कार्यक्रममा समावेस हुनुपर्ने।<br>२. सरोकारवालाहरु (स्थानीय तह, प्रमाणीकरण एजेन्सी, जि.स.स. र संघसंस्था) सँगको समन्वय<br>३. ICS को लागि आवश्यक पूर्व तयारी गरेको हुनुपर्ने<br>४. कृषकहरुको व्यक्तिगत रुपमा नभई सामुहिक रुपमा प्रमाणिकरण गरेको हुनुपर्ने। | जिल्ला भरी | कुल लागतको अधिकतम ७५ प्रतिशत |
| ०८१/८२-१२ | प्राङ्गारिक कृषि उपज प्रवर्द्धन कार्यक्रम | १. प्राङ्गारिक उत्पादन, प्रशोधन, प्याकेजिङ, लेवलिङ्ग, बजारीकरण, प्रमाणिकरणसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्ने।<br>२. क्षमता अभिवृद्धी, सचेतना, प्रचार प्रसार, भकारो सुधार, कम्पोष्ट मल, प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन।<br>३. बीउ/बेर्ना सिंचाई लगायतका अन्य क्रियाकलापहरु सहयोग गर्ने।<br>४. यन्त्र/उपकरणहरु खरिद | १. कम्तीमा २० घरधुरी समेटी कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>२. टोल विकास समिति वा समुह वा सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने। | पुथा उत्तरगंगा गाउँपालिका मात्र | १. सामुदायिक पूर्वाधार र औजार उपकरणमा ७५ प्रतिशत र निजी पूर्वाधार र औजार उपकरणमा ५० प्रतिशत |

डिल्लीराज पौडेल
कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)

फोन नं.०८८-४१३१७१
ईमेल: ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np

पत्र संख्या: २०८१।०८२
चलानी नं.:

मिति: २०८१/०६/१३

पशुपन्छी विकास तर्फ:

| सूचना नं. | कार्यक्रमको नाम | संचालन गर्न सकिने/अनुदान उपलब्ध गराउने क्रियाकलाप | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| ०८१/८२-१३ | भेडा प्रवर्द्धन कार्यक्रम | १. टहरा/खोर निर्माण, डिपिङ टयाङ्क खरिद/निर्माण तथा जडान<br>२.प्रजननका लागि थुमा खरिद तथा ढुवानी<br>३. आहारा तथा खानेपानी व्यवस्थापन (चरणखर्क विस्तार तथा सुधार, मिनिरल ब्लक, घाँसको श्रोत केन्द्र स्थापना)<br>४. औषधि उपचार तथा खोप सेवा संचालन जैविक सुरक्षा व्यवस्थापन<br>५.मेशिनरी औजार तथा अन्य उपकरण खरिद तथा संचालन र अभिलेख व्यवस्थापन, प्रतिवेदन तयारी तथा रिपोर्टिङ। | १. फर्म/कम्पनी/कृषक समुह/सहकारी संस्था मार्फत कार्यक्रम संचालन गर्ने।<br>२. निजि फर्मको हकमा कम्तिमा १५ वटा माउँ समुहमा १०० माउँ र सहकारीको हकमा २५० माउँ भेडा पालन गरिरहेको हुनुपर्ने। | पुथा उत्तरगंगा गाउँपालिका मात्र | १. पूर्वाधार र नश्लसुधारमा ७५ प्रतिशत अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा ५० प्रतिशत<br>२. फर्म/कम्पनीको हकमा प्रति आयोजना अधिकतम रु. १ लाख र समुह/सहकारीको हकमा अधिकतम रु. ५ लाख सम्म अनुदान दिन सकिने। |
| ०८१/८२-१४ | बंगुर प्रवर्द्धन कार्यक्रम | १. खोर निर्माण/सुधार<br>२.मेसिनरि औजार,<br>३. नश्लसुधार<br>४. औषधि उपचार तथा खोप र जैविक सुरक्षा। | १. फर्म/कम्पनी/कृषक समुह/सहकारी संस्था मार्फत कार्यक्रम संचालन गर्ने।<br>२. प्रति फर्मको कम्तिमा ३ वटा माउँ सहित ५ वटा बंगुर पालन गरेको हुनुपर्ने।<br>३. समुह/सहकारीको हकमा कम्तिमा २० माउँ बंगुर पालन गरिरहेको हुनुपर्ने।<br>४. पशुहरुको बीमा गर्ने अभ्यास भएका फर्म/कम्पनी/कृषक समुह/सहकारी संस्थालाई प्राथमिकता दिइने। | सिस्ने र भूमे गाउँपालिका मात्र | १. पूर्वाधार र नश्लसुधारमा ७५ प्रतिशत अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा ५० प्रतिशत<br>२. फर्म/कम्पनीको हकमा प्रति आयोजना अधिकतम रु. १ लाख र समुह/सहकारीको हकमा अधिकतम रु. ३ लाख सम्म अनुदान दिन सकिने। |
| ०८१/८२-१५ | विपदबाट क्षति पुगेका कृषक/उद्यमी/फर्म/समुह/सहकारीलाई पुनर्स्थापनाका लागि वस्तुगत सहयोग कार्यक्रम | १. जिल्ला विपद व्यवस्थापन समिति वा सम्बन्धित स्थानीय तहको विपद् व्यवस्थापन समिति मार्फत निर्णय गर्ने।<br>२. क्षति भएको व्यवसायसंग सम्बन्धित सामग्रीहरुमा नगद नभई वस्तुगत सहयोग उपलब्ध गराउने। | (१) विपद अन्तर्गत प्राकृतिक प्रकोप आगलागी बाढी पहिरो, अतिवृष्टि, हावाहुरी, असिनापानी, चटयाङ महामारीजन्य रोगकिराबाट पशुपन्छी/मत्स्य व्यवसायमा भएको क्षतिलाई समेटिने।(२) चालु आ.व.को अघिल्लो एक आर्थिक वर्षको विपद समेतलाई समेटिन सकिने।(३) मुचुल्का, क्षति मुल्याङ्कन प्रतिवेदन (मुचुल्का तयार भएको दिनदेखी बढीमा पन्ध्र दिनभित्रको प्रतिवेदन) फोटो, भिडियो सम्बन्धित स्थानीय तहको सिफारिस पत्र लगायतका आवश्यक कागजातहरु (नयाँ विपदको हकमा) (४) पुरानो विपद (चालु आ.व.को अघिल्लो एक आ.व.) हकमा उल्लेखित कागजातहरु मध्ये क्षति मुल्याङ्कन प्रतिवेदन अनिवार्य नरहेको। | जिल्ला भरी | विनियोजित बजेटको परिधिभित्र रही कार्यालयले प्रति परिवार अधिकतम ५० हजार बराबरको सामाग्री खरिद गरी कार्यक्रम संञालन गर्ने। |

दिल्लीराज पौडेल
कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

रुकुमकोट, रुकुम (पूर्वी भाग)

फोन नं.०८८-४१३१७१
ईमेल: ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np


पत्र संख्याः २०८१।०८२
चलानी नं.:

मितिः २०८१/०६/१३

| सूचना नं. | कार्यक्रमको नाम | संचालन गर्न सकिने/अनुदान उपलब्ध गराउने क्रियाकलाप | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| ०८१/८२-१६ | लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रम | १. बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>२. आवश्यक न्यूनतम पूर्वाधार<br>३. उत्पादन सामाग्री/औषधी<br>४. तालिम तथा सचेतना | १. लक्षित वर्ग विशेष आर्थिक रुपले विपन्न भूमिहिन, बादी, विपन्न दलित, आदी सिमान्तकृत वर्गलाई प्राथमिकता दिइने।<br>२.लक्षित समुदायमा प्रति घरधुरी ५० वटा कुखुरा, बाख्रा बंगुरको हकमा ३ वटा पाठापाठीका दरले, भैंसीको हकमा पाडा/पाडी २ वटाका दरले वितरण गरी आवश्यकता अनुसार खोर/गोठ लगायतका पूर्वाधार निर्माण/मर्मत सम्भार गरी कम्तीमा २० जना घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन हुनुपर्ने।<br>३.सहुलियत नपाएकालाई प्राथमिकता दिइने। | जिल्ला भरी | प्रति परिवार अधिकतम रु. २० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ। |
| ०८१/८२-१७ | पोषण सुधारको लागि ग्रामिण कुखुरा पालन कार्यक्रम | १. खोर सुधार वा निर्माण<br>२. पोषण आहारा व्यवस्थापन र खोप र उपचार<br>३. उच्च नश्लका चल्ला वितरण<br>४. तालिम र दाना पानीका भाँडा र परिजीवि नियन्त्रण | १. सरोकारवालाको समन्वयमा विपन्न समुदाय (दलित, महिला, पिछडीयका वर्ग, जनजाती र अन्य) लाई प्राथमिकता दिइने।<br>२. कम्तिमा २५ जना कृषकहरुको समुह उत्पादन कलष्टर हुनुपर्ने।<br>३. पूर्वाधार निर्माण कार्य सञ्चालन गरी प्रति कृषक ५० वटा ६ हप्ता हुर्किएका कुखुराको चल्ला वितरण गर्ने।<br>४. वितरण गर्ने चल्ला सम्भव भएसम्म सरकारी फर्मबाट खरिद गर्नुपर्ने।<br>५. अनुसूची ३१ बमोजिम कार्यक्रम संचालन गर्ने। | जिल्ला भरी | पूर्वाधार निर्माणमा ७६ प्रतिशत र अन्य उत्पादनमूलक क्रियाकलापमा शत प्रतिशत अनुदान |

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

१. प्रस्तावकको निवेदन (अनुसूची- ३३ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/निजी फर्म/कम्पनी/सहकारी)
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आ.व.को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छुनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)
५. कार्यक्रम संचालनको लागी संक्षिप्त व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव कार्यक्रमको प्रकृति अनुसार (कृषि तर्फ अनुसूची ३५, र पशुपन्छी तर्फ अनुसूची ३६, बमोजिम)।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (संस्था/समुह/कम्पनी/सहकारीको हकमा)
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०. जग्गा धनि प्रमाण पत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्दा १० वर्षको कृषक र जग्गाधनी बीच सम्बन्धित स्थानीय तहको रोहवरमा भएको करार सम्झौता।

पुनश्चः माथी उल्लेखित कार्यक्रमहरु लुम्बिनी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालयको **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** अनुसार मात्र संचालन हुनेछ। साथै उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथी कुनै प्रक्रिया अघि बढ्ने छैन।

नोटः आवश्यक सूचना तथा आवेदनका नमुना फर्मेटहरु कार्यालयको वेवसाइट www.ialdorukumeast.p5.gov.np डाउलोड गर्न सकिनेछ। अथवा नजिकको स्थानिय तह कृषि तथा पशुपन्छी विकास शाखाबाट प्राप्त गर्न सकिनेछ।

**थप जाकारीको लागी:** ०८८-४१३१७१, ९८५७८४५४५८, ९७४६९३०९२२, ९८४३५१०३८८, ९८६२६३२५०२ मा सम्पर्क गर्न सकिने छ।

डिल्लीराज पौडेल
कार्यालय प्रमुख



**डिल्लीराज पौडेल**
**कार्यालय प्रमुख**